**बैठक नं. ११**

**(बैठक संख्या ८६)**

आज मिति २०८२/१०/०४ गते बिहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री बिष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | नि प्रमुख प्रशासकीय अधिकृत | श्री मीना देवी आचार्य | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैह्रे | |
| १६ | | | |
| | | | |

CamScanner

**बैठक नं. ११** **मिति: २०८२/१०/०४**

**प्रस्ताव तथा निर्णयहरु**

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो। साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो।

**निर्णय नं २**

**योजना कार्यान्वयनका सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८२/०८३ को निती, कार्यक्रम तथा योजना अनुसार हालसम्म कार्यान्वयनमा आएका योजनाहरुको प्रगति सम्बन्धमा छलफल गरियो साथै कार्यान्वयन हुन बाँकी योजनाहरु तत्काल कार्यान्वयनमा लैजानको लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

**गाउँसभाको १८ औ अधिवेशन समिक्षा सम्बन्धमा:** यस गाउँपालिका गाउँसभाको १८ औ अधिवेशनलाई व्यवस्थित बनाउन खटिनुहुने कर्मचारी, पार्षद सदस्यहरु तथा सम्बन्धित सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै हिउँदे गाउँसभा व्यवस्थित र प्रभावकारी भएको निष्कर्ष निकालियो।

**निर्णय नं ४**

रम्भा गाउँपालिकाका सार्वजनिक जग्गाहरु विशेष गरी सडकको मापदण्ड भित्र निर्माण सामाग्री(ढुङ्गा गिट्टी,बालुवा काठ) तथा अन्य वस्तुहरु राखेको तथा पसल व्यवसाय संचालन गरेको देखिएको हुदाँ दैनिक यातायातमा समेत जोखिम भएकोले तत्काल हटाउन सूचना आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

**प्रस्तावना स्वीकृत सम्बन्धमा:** गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम नर्सरी स्थापना र संचालन शिर्षकमा विनियोजित बजेट कार्यान्वयनका लागि गाउँपालिकाको मिति २०८२/०९/२२ गते प्रकाशित सूचना बमोजिम नर्सरी स्थापनाका लागि पेश भएको संगाहा कृषि सहकारी संस्था लिमिटेडले पेश गरेको प्रस्तावना स्वीकृत गरि कार्यक्रम कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो।

CamScanner